*Ref. N-230/015-17* *GoN Registration No. : 01-2070/71*

## बिपद् ब्यबस्थापनका लागि एनआरएनए र नेपाली सेनावीच समझदारी

काठमाण्डौ । मुलुकमा आइपर्ने बिपद् ब्यबस्थापनका लागि गैरआवासीय नेपाली संघ र नेपाली सेना मिलेर काम गर्ने भएका छन् ।

भूकम्प, बाढिपहिरो लगायतका ठूला बिपदसंग जुध्ने क्षमता अभिबृद्धि गर्ने तथा त्यस्ता बिपद्का बेला राहत सामाग्रीको प्रभावकारी भण्डारण र बितरणका लागि दुवै संस्थाले मिलेर काम गर्नेछन् ।

यस सम्बन्धि समझदारीपत्रमा गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषद्का अध्यक्ष शेष घले र नेपाली सेनाका ब्यबस्था तथा युद्धकार्य महानिर्देशक उपरथी हिमालय थापावीच बुधबार काठमाण्डौमा हस्ताक्षर भयो । सो कार्यक्रममा प्रधान सेनापति राजेन्द्र क्षेत्री र एनआरएनएका संस्थापक अध्यक्ष डा.उपेन्द्र महतोको समेत उपस्थिति थियो ।



समझदारीपत्र अनुसार नेपाली सेना र गैरआवासीय नेपाली संघवीच उद्धार र राहतका लागि तालिम प्रदान गर्ने, उद्धारका लागि आबश्यक सामाग्रीहरु आदानप्रदान गर्ने तथा औषधि, लत्ताकपडा र खाद्यन्न जस्ता अत्याबश्यक मानवीय सामाग्री आदान प्रदान गर्न दुवै संस्था सहमत भएका छन् ।

सो अवसरमा प्रधानसेनापतिले नेपाली सेनाले भूकम्पताका गरेको राहत र उद्धार बारे जानकारी गराउंदै सेनाले आफ्ना सिमित श्रोत साधनका वावजुत पनि उल्लेखनिय कार्य गरेको र हाल प्रभावित क्षेत्रहरुमा अस्थायी आवासहरु निर्माण गरिरहेको वताउनु भयो । उहांले गैरआवासीय नेपालीहरुले भूकम्पको समयमा निस्वार्थ भावनाबाट गरेको सहयोगको सरहना गर्दै नेपाली सेनाको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दै धन्यवाद दिनु भयो ।



संघका अध्यक्ष घलेले यस सम्झौताले हामी सबैलाई अझ जिम्मेवार बनाएको तथा राहत वितरणमा नेपाली सेनाले पुराएको सहयोगका लागि धन्यवाद दिंदै सिमित श्रोतसाधन भएता पनि नेपाली सेनाको मनोबल र कार्यक्षमताबाट आफू निकै प्रभावित भएको वताउंदै यही समन्वय र सहकार्यले आज यस सम्झौतापत्र सम्म ल्याईपुराएको वताउनु भयो । उहांले गैरआवासीय नेपाली संघलाई सेनासंग समन्वय र सहकार्य गर्ने अवसर दिनु भएकोमा धन्यवाद दिनु भयो ।

एनआरएनए र नेपाली सेनावीच हुनसक्ने सहयोगका क्षेत्र र आधार तय गर्न एक कार्यदल निर्माण गरी काम अगाडी बढाइने अध्यक्ष घलेले जानकारी दिनुभयो । कार्यदलमा रक्षा मन्त्रालयका प्रतिनिधिसमेत संलग्न हुनेछन् ।

यो समझदारी पश्चात बिश्वभरबाट नेपालीहरुले संकलन गरेका राहत रामाग्रीहरु पिडीत समुदायसम्म बितरण गर्न नेपाली सेनाले स्रोतसाधन र जनशक्ति उपलब्ध गराउने छ । यसैगरी गैरआवासीय नेपाली संघले बिपद् ब्यबस्थापन युनिटलाई आबश्यक पर्ने सामाग्रीहरु सहयोग गर्ने छ भने नेपाली सेनाको बिपद् ब्यबस्थापन क्षमतालाई अभिबृद्धि गर्ने तालिमका लागि समेत सहयोग गर्ने छ ।

'नेपाली सेना जस्तो स्रोत, साधन र जनशक्तिको सञ्जाल भएको संस्थासंग सहकार्य गर्न पाउनु गैरआवासीय नेपालीहरुका लागि ठूलो अबसर हो ।' संघका अध्यक्ष शेष घलेले भन्नुभयो । महाभूकम्पका बेला एनआरएनले गाउंगाउंमा सहयोग बितरण गर्दा पनि नेपाली सेनाबाट अबिस्मरणीय सहयोग पाएको भन्दै उहांले औपचारिक रुपमा सहकार्य गर्दा बिपद् ब्यबस्थापन निकै प्रभावकारी हुने बिश्वास ब्यक्त गर्नुभयो ।

गैरआवासीय नेपाली संघले मुलुकमा बाढीपहिरो, भूकम्प र महामारीजस्ता बिपद्का बेला राहत संकलनगरी बितरण र सहयोग गर्दै आइरहेको छ ।

गैरआवासीय नेपाली संघले संकलन गरेका राहत सामाग्री दुर्गम भेगमा तुरन्तै ढुवानी तथा बितरणका लागि समस्या हुने गरेको सर्न्दभमा संघले नेपाली सेनासंग यसका लागि सहकार्य गरेको हो ।

रंजु (वाग्ले)थापा,
प्रवक्ता,
अन्तर्राष्ट्रिय समन्वय परिषद्,
गैरआवासीय नेपाली संघ ।

मिति : २०७३ श्रावण ५ बुधवार ।